आज मिति २०७८ साल बैशाख २२ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**<u>प्रस्तावहरु</u>**

**प्रस्ताव नं.१ : अघिल्लो बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।**
**प्रस्ताव नं.२ : विभिन्न कार्यविधि पारित सम्बन्धमा ।**
**प्रस्ताव नं.३ : नगर खेलकुद विकास समिति गठन सम्बन्धमा ।**
**प्रस्ताव नं.४ : कोरोना बिमा सम्बन्धमा ।**
**प्रस्ताव नं.५ : विकास पत्रकारीता पुरस्कार स्थापना गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं.६ : कोभिड १९ को दोस्रो संक्रमण सम्बन्धमा ।**
**प्रस्ताव नं.७ : कोभिड १९ को स्वास्थ्य सम्बन्धी मापदण्ड पालना सम्बन्धमा ।**
**प्रस्ताव नं.८ : अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।**
**प्रस्ताव नं.९ : अस्पताल सञ्चालन अनुमती सम्बन्धमा ।**
**प्रस्ताव नं.१० :ठेक्का स्वीकृति सम्बन्धमा ।**
**प्रस्ताव नं. ११ : एकिकृत जग्गा विकास परियोजना कार्यालय व्यवस्थापन सम्बन्धमा ।**
**प्रस्ताव नं. १२ : प्रारम्भिक वातावरणीय (IEE) परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं. १३ : धन जमानी बस्ने सम्बन्धमा ।**

**<u>निर्णयहरु</u>**

**<u>निर्णय नं.१</u> :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/०१/१४ गते बसेको कार्यपालिका बैठकमा भएका निर्णयहरु माथि समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२</u> :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका प्रशासनिक कार्यविधि ऐन, २०७५ लाई आधार मानी यस नगरपालिकालाई आवश्यक रहेका देहाय बमोजिमका विभिन्न कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

(क) व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०७८
(ख) व्यास नगरपालिका प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८
(ग) व्यास नगरपालिका वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

**<u>निर्णय नं.३</u> :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा व्यास नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७८ को दफा ३ (१) बमोजिम यस नगरपालिकाका वडा नं. ५ का वडा अध्यक्ष एवं कार्यपालिकाका प्रवक्ता श्री मोहन कुमार श्रेष्ठको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी व्यास नगर खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

(क) अध्यक्ष श्री मोहन कुमार श्रेष्ठ, – व्यास ५
(ख) सदस्य श्री सुरेश थापा, – व्यास ९
(ग) सदस्य श्री सुनसरी गुरुङ, – व्यास ९
(घ) सदस्य श्री बसुन्धरा घर्ती, – व्यास ४
(ङ) सदस्य श्री प्रदिप आचार्य, – व्यास ८
(च) सदस्य श्री अशोक गिरी, – व्यास २
(छ) सदस्य श्री अमर थापा, – व्यास २
(ज) सदस्य श्री कृष्ण पुन, – व्यास ५
(झ) सदस्य श्री सानुमाया श्रेष्ठ, – व्यास ३
(ञ) सदस्य श्री इन्द्र गुरुङ, – व्यास ४
(ट) सदस्य श्री कृष्णबहादुर दरै, – व्यास १
(ठ) सदस्य श्री नम्रता गुरुङ, – व्यास १०
(ड) सदस्य-सचिव - शिक्षा तथा सामजिक विकास शाखा प्रमुख वा अधिकृत स्तर प्रतिनिधि

**निर्णय नं.४ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका समेतको सूचना एवं समाचार सम्प्रेषणमा क्रियाशिल सम्पूर्ण पत्रकारहरुको कोभिड-१९ सम्बन्धी अघिल्लो आर्थिक बर्षमा गरिएको बिमाको अवधि समाप्त भएको हुँदा यस वर्ष पनि पुनः नगरपालिकाको खर्चमा सम्पूर्ण पत्रकारहरुको बिमा गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको विभिन्न क्षेत्रसँग सम्बन्धित तथ्यपरक सूचना एवं खोजमूलक समाचार सम्प्रेषण तथा यस नगरपालिकाको मानव संशाधन एवं भौतिक पूर्वाधार विकास तर्फ भए गरेका सम्पूर्ण विकास सम्बन्धी क्रियाकलापहरुको समाचार संकलन गरी जिल्ला स्तर तथा राष्ट्रिय स्तरका पत्रपत्रिका लगायत विद्युतीय सञ्चार माध्यममा प्रशारण एवं प्रकाशित गर्ने सञ्चारकर्मीहरु मध्ये उत्कृष्ट १ (एक) जना पत्रकारलाई रु.१०,०००। (दश हजार) बरावरको धनराशीबाट पुरस्कृत गर्ने गरी व्यास नगरपालिका विकास पत्रकारिता पुरस्कार स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोभिड - १९ को दोस्रो लहरको संक्रमणलाई समुदाय स्तरमा फैलिन नदिन त्यसको रोकथाम तथा उपचारका लागि देहाय बमोजिमका कार्यहरु गर्ने गराउने निर्णय गरियो ।

(क) स्वास्थ्य सेवा सम्बन्धी अत्यावश्यक सामग्रीहरुको तयारी गर्ने,

(ख) हालसम्म प्रत्येक सोमबार हप्ताको १ दिन मात्रै निःशुल्क पि.सि.आर. को लागि स्वाव संकलन गर्ने कार्य गरिदै आइएकोमा यसै हप्तादेखि प्रत्येक हप्ताको सोमबार र बिहिवार २ (दुई) दिन निःशुल्क पि.सि.आर.को लागि स्वाव संकलन गर्ने व्यवस्था मिलाउने,

(ग) नगरपालिकाको कार्यालय र वडा कार्यालय अत्यावश्यक सेवाका लागि मात्र खुल्ला गर्ने,

(घ) वडाको संयोजनमा गर्भवती र जटिल प्रकृतिका बिरामीहरुलाई घरबाट अस्पतालसम्म पुऱ्याउनका लागि एम्बुलेन्स सेवा निःशुल्क प्रदान गर्ने,

(ङ) कृषि उपजहरुलाई उपभोक्ताहरुको सुविधाको लागि बजारसम्म ल्याउन लैजानका लागि सहजीकरण गर्ने,

(च) कोभिड १९ का कारण कुनै पनि जटिल र संकटको क्षण अवस्था सृजना भएमा नगरवासीहरुलाई नगरपालिकाको हटलाई नं ०६५-५६००३३ मा सम्पर्क गर्न अनुरोध गर्ने साथै कोभिड-१९ को विषमपरिस्थितिलाई मध्यनजर गरी यस सम्बन्धी प्राप्त हुने फोन तथा अन्य सूचनाहरुको सम्बन्धमा तत्कालै संवोधन गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नगर स्तरीय राजनीतिक दल, टोल विकास संस्था, शैक्षिक तथा उद्योग व्यवसाय क्षेत्र, जनप्रतिनिधि, विकास साझेदार संघ संस्थाका कार्यालय, सुरक्षा संयन्त्र, सञ्चार क्षेत्र, बैंक तथा वित्तीय संस्था र सम्पूर्ण नगरवासी दाजुभाइ दिदी-बहिनीहरुमा विद्यमान संकटको क्षणमा स्वास्थ्य मापदण्ड पालना गरी, भौतिक दुरी कायम गर्दै आफ्नो दैनिक गतिविधि सञ्चालन गर्न र परस्पर सहयोग एवं सद्भावपूर्ण सहयोगका लागि हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | विज्ञानचौर टोल विकास क्रियापुत्री सामुदायिक भवन निर्माण | १ | १,००,०००।०० थप | ६५ |
| २. | नवआदर्श टोल विकास संस्था, नाला निर्माण | १ | ४,५०,०००।०० | १४१ बाट बांकी रकम |
| ३. | देवी प्रसाद भुषाल, आगलागी क्षती | ४ | ४०,०००।०० | विपद |
| ४. | बरचौर चैनपुर रानीपानी वोरिङ | ५ | २,००,०००।०० | २६३ वडागत बजेट |

| | | | | |
|---|---|---|---|---|
| ५. | सिन्धु सत्सङ्ग सँस्कृति सामाग्री खरिद | ५ | ५०,०००।०० | ७४ |
| ६. | मजुवा चर्के तटबन्धन खेत संरक्षण | ५ | ७५,०००।०० | विपद |
| ७. | घर खेत संरक्षण, जाली खरिद भतेरी | ६ | ४०,०००।०० | विपद |
| ८. | महिला नेतृत्व एवं क्षमता विकास तालिम | ६ | ४०,०००।०० | ३७ |
| ९. | उपल्लो ढाड बाटो संरक्षण जाली खरिद समेत | ६ | ४०,०००।०० | विपद |
| १०. | उन्नत मकै बिज वृद्धि खरिद | ७ | २४,५००।०० | विविध फुटकर |
| ११. | चिमानसिं शिव वहादुर असिनाबाट गोलभेडा नोक्सान राहन | ७ | ३५,०००।०० | विपद |
| १२. | मालेटार चिन्तेडिही कुलो पाइप खरिद | ९ | २५,०००।०० | १२२ |
| १३. | पशु औषधी खरिद | ९ | ५०,०००।०० | शिर्षक ४१२ (वडा) |
| १४. | कालीडाँडा दुम्सीकोट रिङ्गरोड ह्यूमपाइप | १० | १७,०००।०० | विविध |
| १५. | राज मगर, खुट्टाको उपचार खर्च | १० | २५,०००।०० | ९० |
| १६. | मनुमाया मजकोटी, हावाहुरीले छाना उठाएको राहत | ११ | २०,०००।०० | विपद |
| १७. | चिजामाया कामी, हावाहुरीले छाना उडाएको राहत | ११ | २०,०००।०० | विपद |
| १८. | बेलथोक भँगेरीटोल रिठ्ठेबहादुर सार्की, हावाहुरीले टिन उडाएको | १२ | २०,०००।०० | विपद |
| १९. | बेलचौतरा टोल तल्लो छाब्दी पाइप खरिद | १३ | ११,४००।०० | १२२ |

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा स्वास्थ्य तथा जनसंख्या शाखाबाट सिफारिस भई आए अनुसार १५ शैयाको क्षमता रहेको सिटी जनरल अस्पताल, व्यास ३ लाई प्रचलित कानून बमोजिमका सम्पूर्ण पूर्वाधार एवं अन्य मापदण्डहरु पूरा गरी अस्पताल सञ्चालन गर्नका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० का सम्बन्धमा छलफल हुँदा व्यास न.पा वडा नं ३ स्थित महर्षि वेदव्यास ऋषिको १०८ फिट अग्लो मुर्ती कार्य अर्न्तगत पेडेस्टल (स्तम्भ) निर्माण कार्यको लागि बोलपत्र आब्हान सम्बन्धी सुचना अनुसार दर्ता हुन आएका विभिन्न फर्मका शिलबन्दी बोलपत्र मध्ये तपशिलमा उल्लेखित फर्मको बोलपत्र स्वीकृतीको लागि मुल्यांकन समितिबाट सिफारिस भै आएकोले बोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम उक्त बोलपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | ठेक्का नं | फर्मको नाम | कबोल रकम (मु.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | महर्षि वेदव्यास ऋषिको १०८ फिट अग्लो मुर्ती निर्माण कार्य अर्न्तगत पेडेस्टल (स्तम्भ) निर्माण | नं.४२/MUN/२०७७०७८ | श्री गौरी पार्वती, देव एण्ड सयर/ऋषि शक्ति जे.भि. काठमाण्डौ | रु.४,८७,७८,७०१।२२ |

**निर्णय नं. ११ :** प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १० बैरेनीमा स्थापना गरिएको बैरेनी एकिकृत जग्गा विकास परियोजनाको कार्यालयको नियमित सरसफाईको लागि मासिक रू.१०,०००।- (दश हजार) ज्याला उपलब्ध गराउने गरी व्यास नगरपालिका वडा नं. १० निवासी श्री सुर्यकुमारी दरैलाई परियोजना अवधिभर मात्र कामकाजमा लगाउने साथै निजको ज्याला सम्बन्धित परियाजनाको खर्चबाट नै भुक्तानी गर्ने व्यवस्था मिलाउन आयोजना प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १० मा सञ्चालित रेखिराम ढुङ्गा उद्योग सञ्चालनको लागि सम्बन्धित उद्योगको तर्फबाट प्रारम्भिक वातावरणीय (IEE) परीक्षणको जिम्मेवारी पाएको रियल इम्प्याक्ट डिजाइन सोलुसन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.द्वारा पेश हुन आएको प्रारम्भिक वातावरणीय (IEE) परीक्षण प्रतिवेदन प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा भई पेश हुन आएको व्यहोरा सहित शहरी विकास तथा पूर्वाधार शाखाबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले प्रारम्भिक वातावरणीय (IEE) परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा नगर विकास कोष (TDF) को अनुदान तथा ऋण सहयोग समेतमा निर्माण सम्पन्न गर्ने गरी नगर विकास कोष (TDF) काठमाण्डौंद्वारा स्वीकृत भई आएको भादगाउँ सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको लागि उपभोक्ता समिति र नगर विकास कोषको ऋण सम्झौतामा यस नगरपालिका धन-जमानी बस्ने निर्णय गरियो । साथै धन-जमानीमा हस्ताक्षर गर्न व्यास नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री खरसिं दरैलाई अख्तियारी दिने समेत निर्णय गरियो ।